# Bulletin

SOCH Nepal
FOR THE DIGNITY & HAPPINESS

A Publication of Society for Humanism (SOCH) Nepal, Issue 28, Jul-Sep 2020

## कोरोना भाइरस (कोभिड १९) का लक्षणहरु

ज्वरो, सुख्खा खोकी, थकान, श्वास बढ्नु, जोर्नी दुख्नु

## कसरी बच्ने ?

- नियमितरुपमा साबुनपानीले हातधुने
- खोकी वा हाच्छ्यु आएमा रुमाल वा कुहिनोले छोप्ने
- प्रयोग गरेका रुमाल वा टिस्यु बाल्ने वा नष्ट गर्ने,
- हात अनुहारमा नलैजाने, अर्को मान्छेबाट टाढा बस्ने,
- रुघा खोकी लागेमा मास्कको प्रयोग गर्ने,
- आपत नपरेसम्म घरबाट बाहिर ननिस्कने

## कोरोना लागेको शंका लागेमा परिक्षणकालागि काठमाण्डौको टेकु अस्पताल स्थित तपशिलका डाक्टरहरुलाई सम्पर्क गर्न सकिन्छ

*डा. श्रवण कुमार मिश्र: ९८५११६८२२०*
*डा. रंजित शाह: ९८७२७०१४६५*
*राकेश गुप्ता: ९८५१२३९९८८*
*दिनेश थापा मगर: ९८२३१६८५४० (बेलुकी मात्रै)*
*नरेन्द्र थापा मगर: ९८०३१५२१४९ (बेलुकी मात्रै)*

## के का लागि कहाँ, कसरी सम्पर्क गर्ने ?

कोरोना बारे जानकारी लिन वा दिन: ११९५ मा फोन गर्ने

कोरोना भएको शंका लागेमा: ९८५१२५५८३४, ९८५१२५५८३७३, ९८५१२५५८३९ मा फोन गर्ने

कालो बजारी भएको पाईएमा: उपभोक्ता हित संरक्षण विभागको फोन नं. : ४२३२५५५ वा ११३७

दैनिक उपभोग्य वस्तु बजारमा नपाइएमा: प्रहरीको फोन नं. १०० वा १०३ वा प्रहरी प्रवक्ताको नंबर: ९८५१२९२१११ मा फोन गर्ने

कोरोनाबारे विश्व र नेपालको स्थितिबारे ताजा खबर लिन: स्वास्थ्य मन्त्रालयको वेभसाईट: **http://www.mohp.gov.np/en/**

## एम्बुलेन्स सेवाका नम्बरहरु:

*विशालबजार, न्यूरोड: ४२४४१२१*
*बागबजार: ४२४०८०५, ४२४०८०६, ललितपुर: ५५२७००३*
*नेपाल चेम्बर: ४२३०२१३, नेपाल रेडक्रस: ४२२८०९४*
*परोपकार नेपाल: ४२५१६१४, लायन्स क्लब: ४४७२२११*
*बौद्ध: ४४७३१६६*

## SOCH Publications



## कन्ट्याक ट्रेसिङ्गमा परेकालाई लक्षण नदेखिए पनि परिक्षण नरोक्नु: डा भगवान कोईराला

बरिष्ठ कार्डियो सर्जन, प्राध्यापक **डा. भगवान कोइराला**ले कन्ट्याक ट्रेसिङ्गमा परेकालाई लक्षण नदेखिए पनि परिक्षण नरोक्न सुझाब दिनुभएको छ ।

बुढानिलकण्ठ नगरपालिका र सोच नेपालले संयुक्त सहकार्यमा सेप्टेम्बर १९, २०२० मा भएको COVID-19 रोकथामकालागि "नागरिक संवाद" कार्यक्रममा बुढानीलकण्ठ नगरपालिकालाई सुझाब दिदै डा.कोईरालाले सरकारले लक्षण नदेखिए परिक्षण नगर्ने नीति लिएको प्रति असहमति राख्दै अर्थतन्त्र भन्दा स्वास्थ्य प्रमुख रहेकोले कन्ट्र्याक ट्रेसिङ्गनै कोरोना नियन्त्रणको उत्तम विकल्प रहेको बताउनु भयो । उहाले कोरोना सरकारले जति लुकाए पनि समुदायस्तरमा फैलिसकेको बताउनु भयो । नगरपालिकाले कोरोना संक्रमित बाहेकका अन्य विरामीको उपचारमा पनि ध्यान दिन आवश्यक रहेको बताउनु भयो ।




त्यस्तै नेपाल मेडिकल कलेजका अनुसन्धान निर्देशक **डा. शिवकुमार राई**ले अहिलेको अवस्थामा कोरोना नियन्त्रणको लागि व्यक्तिगत सुरक्षा अपनाउनुका साथै सामाजिक दुरी कायम गर्नुको विकल्प नभएको र अझ संक्रमण दर बढ्दै गएमा पुनः लक डाउन गर्न आवश्यक भएको बताउनु भयो ।

**डाक्टर के.बी. घर्ती**ले कोरोना भाइरसलाइ सामान्य रुपमा नलिन र सरकारले तय गरेका सुरक्षाका मापदण्ड पालना गर्न गराउन नगर ले काम गर्न सुझाब दिनुभयो ।

त्यस्तै पुर्व प्रहरी अतिरिक्त महानिरीक्षक **नवराज ढकाल**ले चाड वाडको समयमा हुने भिडभाडले गर्दा संक्रमण दर अझ बढ्न सक्ने बताउदै भिड नियन्त्रण गर्न नगरपालिकाले शसक्त अनुगमन संयन्त्र निर्माण गरेर बजार तथा अन्य क्षेत्रको अनुगमनमा तीव्रता दिनुपर्ने सुझाव दिनुभयो ।

यसैगरी आर्थिक विश्लेषक **गोकर्ण अवस्थी**ले नागरिकहरु बन्द व्यवसायका कारण वित्तीय संस्थाका ऋणमा डुबेको बताउदै सहकारीहरुसंग छलफल गरि नागरिकहरुले लिएको ऋणलाई सुहुलियत गर्न सुझाब दिनुभयो ।

त्यस्तै रोटरियन **दिलिप अधिकारी**ले नगरपालिकाका निम्न आय भएका व्यक्तिहरुका लागि विशेष सहयोगको प्याकेज घोषणा गर्नुपर्ने बताउदै यस्ता कार्यमा विभिन्न सामाजिक संघ संस्थालाई परिचालन गर्नुपर्ने सुझाव दिनुभयो ।

**तोयानाथ अधिकारी**ले शिक्षा क्षेत्रमा पारेको असर वारेमा जानकारी दिदै वैकल्पिक पठन पाठनमा नगरपालिकाले बृहत छलफल तथा तयारी गर्न सुझाव दिनुभएको थियो ।

नगरप्रमुख **उद्दव खरेलले** नगरपालिकाले समुदायमा सुरक्षाका विधिहरु पालना गर्ने तथा जनचेता अभिबृद्धि गर्न सरकारी विद्यालय तथा

निजि विद्यालयका शिक्षकहरुलाई परिचालन गर्ने, कोरोना बाहेकका बिरामिका लागि उपचारको लागि बैकल्पिक उपाय अपनाउने, खुला अवस्था चाडपर्वका कारण बढ्न सक्ने संक्रमणलाई रोक्न नया चरणको सचेतना कार्यक्रम संचालन गर्ने बताउनु भयो । बुढानिलकण्ठ नगरपालिका भित्र आश्विन ४ गते सम्म कोभिड १९ का विरामिहरु ४ सय ४८ जना रहेका छन । बुढानीलकण्ठ नगरपालिकलामा हालसम्म कोरोनाबाट ४ जनाको मृत्यू भइसकेको छ ।

## गोरखाका १४ संस्थाले गरे आन्तरिक सुशासन प्रवर्द्धनका लागि प्रतिवद्धता

गोरखाका १४ संस्थाका प्रमुख एवं प्रतिनिधीहरुले सुशासन प्रवर्द्धनका ८ क्षेत्रहरुको कार्यान्वयनका लागि लिखित प्रतिवद्धता जनाएको छ । मिति २०७७ असोज १० गते गेसस महासंघका गोरखा अध्यक्ष सीताराम श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो ।प्रतिवद्धता जनाएका सुशासनका आठ क्षेत्रका ३४ वटा सूचकहरु छन् । प्रतिवद्धता जनाइएका स्शासनका क्षेत्रहरुमा सहभागिता, कानूनको शासन, पारदर्शिता, जवाफदेहिता, सहमती र सुझबुझ, प्रभावकारिता र कार्यदक्षता, उत्तरदायित्व र रणनीतिक दृष्टिकोण रहेका छन् ।

जसमा साधारण सभा, अधिवेशन, विधानको कार्यान्वयनको पक्ष, कर्मचारी नियुक्तीका प्रकृया, खरिद विक्री, लेखा परिक्षण, समन्वय, सूचनाको हकको प्रयोग, पारदर्शिता, जवाफदेहिता, कर्मचारीको अनुशासन, कार्यसमिति चयन, अनुगमन, समिक्षा लगायतका सूचकहरु पालना गर्ने प्रतिबद्धता जाहेर गरेका थिए ।

गैरसरकारी संघसंस्थाहरुले सञ्चालन गर्ने कार्यक्रम, परियोजना तथा संस्था सञ्चालनका क्रममा जवाफदेहिता, पारदर्शिता कायम गदै सुशासन प्रवर्द्धनमा एक जुट भइ समाजमा सकरात्मक सन्देश प्रवाह गर्न सामुहिक प्रतिवद्धता जनाइएको महासंघका अध्यक्ष सितार ाम श्रेष्ठले जनाए ।

‘हामीले सबै जसो सुशासनका सुचकहरुको पालना त गर्दै नै आएका छौ, केहि छुटेका हुन सक्छन’ महासंघका जिल्ला अध्यक्ष श्रेष्ठले भने ‘अरु निकायलाई समेत सकरात्मक सन्देश दिन हामीले लिखित रुपमा संयुक्त प्रतिवद्धता जनाएका हौ ।’

श्रेष्ठको अध्यक्षतामा भएको बैठकमा गैसस महासंघका केन्द्रिय सदस्य एवं गण्डकी प्रदेश संयोजक काजीराम रोकाले सुशासन प्रवर्द्धनका लागि गरिएका प्रतिवद्धता माइनुटमा मात्रै सिमित हुन नहुने र कार्यान्वयनका लागि सबैले इमान्दारपूर्वक लाग्नुपर्नेमा जोड दिएका छन् । उनले गैससहरुको पारदर्शिता र जवाफदेहिता कार्यान्वयनको पाटोमा महासंघले अनुगमन गर्नुपर्ने बताए ।

बैठकमा महासंघ गोरखाका उपाध्यक्ष एवं गोरेटो गोरखाका पुरुषोत्तम ढकाल, सचिव एवं एकिकरण नेपालका कार्यकारी निर्देशक हरि देवकोटा, कोषाध्यक्ष रामबाबु ढकाल, सदस्य कमल लामिछाने, पद्धती विकास सेवा केन्द्रका कार्यकारी निर्देशक कमला लामिछाने, स्वाँर ा सघन गाउँविकास केन्द्रका दोर्णचार्य तिमिल्सिना लगायतले बोलेका थिए । बैठकमा बोल्ने अधिकांश वक्ताहरुले नागरि क समाज संघसंसथाहरुका समेत धेरै कमीकमजोरी रहेकाले सच्याएर अघि बढ्नुपर्ने बताएका थिए ।

## गैरीगाउँ श्रोता समूहको पहलमा विद्यालय जाने बाटो व्यवस्थित ।

गैरीगाउँ साझाबोली रेडियो श्रोता समूहका सदस्यहरुले ध्यानाकर्षण गराएपछि ओखलढुंगाको सगरमाथा जनता माध्यमिक विद्यालय जाने बाटोमा अव्यवस्थित रुपमा रहेको खानेपानीको पाइपको व्यवस्थापन गरिएको छ । १ नम्बर प्रदेश सरकारका भौतिक पूर्वाधार राज्यमन्त्री अमिरबाबु गरुङको पहलमा व्यवस्थित बाटो व्यवस्थापनको लागि प्रदेश सरकारबाट २० लाख र कम विनियोजन भएको थियो । श्रोता समुहले ध्यानाकर्षण गराएपछि नगर पालिकाले बाटोको तत्काल अनुगमन गर्नुका साथै थप व्यवस्थापनको लागि प्रदेश सरकारसँग बजेट माग गरेको थियो ।




ध्यानाकर्षण पत्र बुझाउदै गैरीगाउँ श्रोता समुहका सहजकर्ता सुजना केसी

गैरीगाउँ साझाबोली रेडियो श्रोता समूहका सदस्यहरुले सिद्धिचरण नगर पालिकाका प्रमुख मोहन कुमार श्रेष्ठलाई गत फागुन १४, २०७६ गते जिल्ला सदरमुकाममा रहेको सिद्धिचरण पार्क सालिक रहेको ठाँउदेखी सगरमाथा जनता माद्यमिक विद्यालयमा सम्म जाने ओरालोमा रहेको खानेपानीको पाईपका

कारण विद्यालयमा जाँदा आउदा विद्यार्थीहरु लडेर चोटपटक समेत लाग्ने गरेकोले त्यसको समाधानका लागि ध्यानाकर्षणपत्र मार्फत अनुरोध गरेका थिए ।

सदरमुकाममा रहेको विद्यालय जाने बाटोमा सडकमा अव्यवस्थित सवारी साधन पार्किङका कारण आवत जावत गर्न समस्या भएको भन्दै त्यसको समाधानका लागि श्रोता समुहको बैठकमा ध्यानाकर्षण गराउने विषयमा निर्णय गरि ध्यानाकर्षण पत्र बुझाईएको समूहकी अध्यक्ष सन्ध्या खत्रीले बताउनुभयो ।

आफूहरुले ध्यानाकर्षण गराएको विषयमा समस्याको समाधान भएसँगै धेरै खुसी लागेको साझाबोली रेडियो श्रोता समुहकी सहर्जकता सुजना केसीले बताउनुभयो । श्रोता समूहले विकास निर्माण लगाएतका विभिन्न विषयमा श्रोता समुहको बैठकमा निर्णय गर्नुका साथै पटक पटक स्थानिय तहको ध्यानाकर्षण गराउदै आएका छन् ।



**निर्माण भईसकेपछि सगरमाथा जनता माध्यमिक विद्यालय जाने बाटो ।**




## Nagarik Sajha Sawal handed over memorandum

The news of fear of not finding the fertilizer than corona virus (https://daraundi.com/social/28174/) dragged the attention of the CSOs and media of the Gorkha. After the shortage of period, the distribution of chemical fertilizer started. The crowed of farmers to buy the fertilizer increase the possibility of corona spreading in the local area that enhanced the fear of the locals. Thus, SOCH Nepal, Gorkha conducted virtual meeting with civil society leaders and media on August 28, 2020. In the meeting civil society activist discussed about on price hike, *kala bazari* and scarcity of fertilizer, to find the alternative way of curfew to ease the daily life, monitoring of market, preventative measures of COVID 19 discussed in the meeting. In the program, Sthaneshor Duwadi, the Coordinator of *Nagarik Sajha Sawal*, the President of FNJ Gorkha Kishor Jung Thapa, Sitaram Shrestha, the President of NGO Federation Gorkha, Kamal Lamichane the President of Community Forest Federation of Gorkha and representatives of NGOs and media participated.

*Nagarik Sajha Sawal(HEAD Coalition)* handed over memorandum to Tirtha Raj Bhattarai, the CDO of Gorkha on August 31, 2020. They handed over eight point's memorandum on the following:

- It is urgent to create conducive environment to collaborate of CSOs, media and private sectors to prevent corona virus. The Collaboration of CSOs. Media and private sectors could pay effective role to control the pandemic.
- The issued curfew affected to daily life thus they requested to review the curfew and change the modality of curfew to ease the daily life. The CSOs and media suggested making strict on boarders, to increase corona virus PCR test, to analyze the report of contract tracing based that requested to open financial sectors and market, to make easy the mobility of the people inside the district.
- To improve the standard of quarantine centers, isolation centers and holding centers as per the standard of WHO.
- Shortage of goods, price hike, selling expired goods, not providing emergency service were often raised by locals and media, CSOs and media requested to conduct regular monitoring to control shortage of goods, price hike, selling expiry goods, regulate to provide emergency services.
- Shortage of chemical fertilizer and *kala bazari* of fertilizer affected many farmers; they requested to ease the supply of the chemical fertilizer and control of kalabazari.
- To regulate transfer of staff of government and not government organizations and to make compulsory 15 days provision of quarantine to the staff who transferred to the district.
- They requested to start development work immediately by using safety measures to combat corona virus and to ease the effective management of the delivery service to start the developmental works.

The Tirtha Raj Bhattarai committed to fulfill the issues raised by the civil society of Gorkha. The impact of the memorandum is seen in the Gorkha district, the administration ended the curfew and increase preventive measures to make strict on the boarders(https://daraundi.com/social/28191/). The administration also fixed the date of providing emergencies services (https://daraundi.com/social/28210/)

https://civilkhabar.com/?p=10090&fbclid=IwAR1JW1jz9V99ilIUft0oIPoPaT92NlbFVGmllsNbuFsr1_WxB305VepL-UQ

https://www.choicefm.org/news-details/2025/2020-08-30?fbclid=IwAR3CfsH_bOjLURxZDdbWvdO6WmZLScvLdimAQ9JrEue8OedB9k_qCxArnyE

https://civilkhabar.com/?p=10020&fbclid=IwAR06550CH7eKZqBtg_mBz1EuvQeZDERjovDt39kQY41rY6udngZ9DqJ6SfY

https://daraundi.com/health/28176/

## Contact Details

**Society for Humanism (SOCH) Nepal**

**Battisputali-9, Kathmandu, Nepal**

**GPO Box No. 670,**

**Phone : + 977-01-4597168,**

**Email: sochnepal@gmail.com**

**Website : www.sochnepal.org**

**Management : Apsara Karki**

**Content : Rajendra Koirala, Mohasin Ali Miya, BN Shrestha.**

**Design : Prajeena Baral**